# रिब्दीकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

9760870079
info@ribdikotmun.gov.np
www.ribdikotmun.gov.np

प.सं.२०८२/०८३
च.नं. –

मिति : २०८२।०४।०२

**सम्पूर्ण रिब्दोकोट बासीमा अनुरोध**

**" श्रावण महिना, डेंगु सचेतना महिना "**

विगत वर्षहरु झैँ यस वर्ष पनि यस रिब्दीकोट गाउँपालिकामा डेंगु रोगीको संख्या बढ्दै गएको साथै श्रावण,भाद्र,असोज,कार्तिक महिनामा यस रोगको संक्रमण दर बढ्दै जाने हुँदा रिब्दीकोट बासीमा तपसिल बमोजिमका डेंगु बाट बच्ने उपायहरु अपनाउनु हुन अनुरोध छ।

तपसिल:

**१.बच्ने उपाय:**

- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने ,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने ,
- सुत्ने बेला राम्रोसंग झुल लगाएर मात्र सुत्ने ,
- पूरा बाहुला भएको लुगा लगाउने ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाउने।

**२. लामखुट्टेको वृद्धि विकास नियन्त्रण गर्ने :**

- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुर्ने ,
- आफ्नो घर वरिपरि कार्यस्थल र सार्वजनिक स्थलहरुमा पानी जम्न नदिई सफा राख्ने,
- दैनिक प्रयोजनको लागी राखेको पानी लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्ने,
- काम नलाग्ने भाडाकुडा,सिसी,बोतल ,प्लाष्टिकका सामाग्री,टायर जस्ता सामाग्रीहरुमा पानी जम्न नमिल्ने गरी विर्सजन गर्ने र पानी जमिहालेको खण्डमा कम्तिमा हप्तामा २ पटक जमेको पानी फाल्ने,
- कुलर र फ्रिजमा जम्मा भएको पानी कम्तिमा हप्तामा २ पटक सफा गर्नु पर्ने,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी कम्तिमा हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्टाएर राख्ने।

यस गाउँपालिका भित्र प्रत्येक **शुक्रबार १०:०० बजे १० मिनेट** सम्म सम्पूर्ण कार्यालय, विद्यालय, स्वास्थ्य संस्था,बैंक,वित्तीय संस्था, टोल, समुदायमा सरसफाई तथा लामखुट्टेले अण्डा पार्न सक्ने क्षेत्रहरुमा विशेष ध्यान दिइ लामखुट्टेको लार्भा खोज्ने तथा नष्ट गर्ने अभियान संचालन गर्नु हुन समेत सम्पूर्ण रिब्दीकोटबासीमा अनुरोध छ।

लामखुट्टेको टोकाइबाट बच्नु नै डेंगु रोगबाट बच्ने मुख्य

(नारायण बहादुर कार्की)
अध्यक्ष

नारायण बहादुर कार्की
गाउँपालिका अध्यक्ष